# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, फागुन १६ गते, २०७९ साल (अतिरिक्ताङ्क ३३

## भाग १

गण्डकी प्रदेश सरकार

**आन्तरिक मामिला तथा कानून मन्त्रालय**

नेपालको संविधान बमोजिम प्रदेश सभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०७९ सालको ऐन नं ११

**केही गण्डकी प्रदेश ऐन संशोधन गर्न बनेको ऐन**

**प्रस्तावना**ः प्रचलित प्रदेश ऐनमा समसामयिक सुधार गर्न केही प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "केही गण्डकी प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ मा संशोधन</u>**: प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) "कानून मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(ख) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।"

(ग) खण्ड (ख) पछि देहायका खण्ड (ख१) र (ख२) थपिएका छन्ः-

"(ख१) "प्रदेश प्रमुख" भन्नाले नेपालको संविधानको धारा १६३ बमोजिमको गण्डकी प्रदेश प्रमुख सम्झनु पर्छ।"

"(ख२) "प्रदेश राजपत्र" भन्नाले गण्डकी प्रदेश सरकारले प्रकाशन गर्ने राजपत्र सम्झनु पर्छ।"

(घ) खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) "मन्त्री" भन्नाले प्रदेश सरकारको मन्त्री सम्झनु पर्छ र सो शब्दले राज्य मन्त्री समेतलाई जनाउँछ।"

(ङ) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्नाले गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनु पर्छ।"

(च) खण्ड (छ) मा रहेको "प्रदेश सभाको सभामुख" भन्ने शब्दको अघि "गण्डकी" भन्ने शब्द थपिएको छ।

(३) दफा ३ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एकप्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून मन्त्रालय र प्रदेश सभा सचिवालयमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।"

(४) दफा ५ को,-

(क) उपदफा (२) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छः-

"(घ) प्रमुख सचिव, गण्डकी प्रदेश सरकार"

(ख) उपदफा (३) मा रहेका "प्रदेश मुख्यमन्त्री" भन्ने शब्दहरुबाट "प्रदेश" भन्ने शब्द झिकिएको छ।

(ग) उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छः-

"(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरुमध्ये एकप्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, कानून मन्त्रालयमा पठाउनु पर्नेछ र त्यस्ता प्रत्येक कार्यालयले त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षित साथ राख्नु पर्नेछ।"

(५) दफा ११ को,-

(क) उपदफा (१) को खण्ड (ख) मा रहेका "आदेश वा अधिकारपत्र" भन्ने शब्दहरुको सट्टा "आदेश, अधिकारपत्र, कार्यविधि, निर्देशिका वा मापदण्ड" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) उपदफा (२) मा रहेका "अन्य सूचना भए जुन मन्त्रालय" भन्ने शब्दहरु पछि "वा निकाय" भन्ने शब्दहरु थपिएका छन्।

(ग) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) प्रदेश राजपत्र प्रकाशन गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ।"

(६) दफा १२ र १३ झिकिएका छन्।

(७) ऐनको ठाउँ ठाउँमा रहेका "मुख्यमन्त्रीको कार्यालय" भन्ने शब्दहरुको सट्टा "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(८) ऐनको ठाउँ ठाउँमा रहेका "प्रदेश मन्त्रिपरिषद" भन्ने शब्दहरुको सट्टा "प्रदेश सरकार" भन्ने शब्दहरु राखिएका छन्।

३. **<u>प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४</u>:** प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४ को दफा १ को उपदफा (१) मा रहेका "प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सभाका पदाधिकारी तथा सदस्यहरुको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

४. **<u>मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ मा संशोधन</u>:** मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश मन्त्रीहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७४" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ख) "मन्त्री" भन्नाले प्रदेश सरकारको मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री समेतलाई सम्झनु पर्छ।

(ग) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(३) दफा १४क. को स्पष्टीकरण खण्डमा रहेका "माथि दफा दफामा तोकिए भन्दा बढी" भन्ने शब्दहरुको सट्टा "यस ऐन विपरीत" भन्ने शब्दहरु राखिएका छन्।

(४) अनुसूची-३ मा रहेका "रा.प.द्वितीय" भन्ने शब्दहरुको सट्टा "अधिकृतस्तर नवौं", "शाखा अधिकृत" भन्ने शब्दहरुको सट्टा "अधिकृतस्तर सातौं" तथा "ना.सु. वा सो सरह" भन्ने शब्दहरुको सट्टा "सहायकस्तर पाँचौं" भन्ने शब्दहरु राखिएका छन्।

५. **स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ मा संशोधन**: स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेशका स्थानीय तहको सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ।

(ख) "उपप्रमुख" भन्नाले नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ र सो शब्दले जिल्ला समन्वय समितिको उपप्रमुखलाई समेत जनाउँछ।

(ग) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ।

(घ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्छ र सो शब्दले जिल्ला समन्वय समितिको प्रमुखलाई समेत जनाउँछ।

(ङ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।"

(च) "प्रस्ताव" भन्नाले सभामा निर्णयार्थ पेस गरिएको कुनै प्रस्ताव वा सो प्रस्तावसँग सम्बन्धित संशोधन प्रस्ताव समेतलाई सम्झनु पर्छ।

(छ) "बैठक कक्ष" भन्नाले सभाको बैठक कक्ष सम्झनु पर्छ र सो शब्दले बैठक कक्षसँग जोडिएको दर्शकदीर्घा तथा बरण्डा समेतलाई जनाउँछ।

(ज) "बैठक" भन्नाले गाउँ वा नगर सभाको अधिवेशन सम्झनु पर्छ र सो शब्दले समितिको बैठक र समीक्षा बैठक समेतलाई जनाउँछ।

(झ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।

(ञ) "विषयगत शाखा" भन्नाले गाउँपालिका वा नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको विषयगत शाखा सम्झनु पर्छ र सो शब्दले विषयगत समिति समेतलाई जनाउँछ।

(ट) "संयोजक" भन्नाले दफा ३५ बमोजिम गठित समितिको संयोजक सम्झनु पर्छ।

(ठ) "सभा" भन्नाले गाउँ पालिकाको हकमा संविधानको धारा २२२ बमोजिमको गाउँ सभा र नगरपालिकाको हकमा संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ।

(ड) "सभाको सचिव" भन्नाले गाउँ वा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत र जिल्ला समन्वय समितिको समन्वय अधिकारी सम्झनु पर्छ।

(ढ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

(ण) "स्थानीय तह" भन्नाले नेपालको संविधानको धारा ५६ को उपधारा (४) बमोजिमका गण्डकी प्रदेश भित्रका गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ।

(त) "सदस्य" भन्नाले,

(१) गाउँपालिकाको सम्बन्धमा गाउँ सभा वा गाउँ कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले गाउँ सभा वा गाउँ कार्यपालिकाको अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ।

(२) नगरपालिकाको सम्बन्धमा नगर सभा वा नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले नगर सभा वा नगर कार्यपालिकाको प्रमुख, उपप्रमुख, वडाध्यक्ष र वडा समितिको सदस्यलाई समेत जनाउँछ।

(३) जिल्ला सभाको सम्बन्धमा जिल्ला सभा तथा जिल्ला समन्वय समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले जिल्ला सभा वा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखलाई समेत जनाउँछ।"

(३) दफा ३७ मा रहेको दफा शीर्षक "सभाको काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरुको सट्टा "जिल्ला सभाको काम, कर्तव्य र अधिकार" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा ४० को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांशमा रहेका "तर पछि" भन्ने शब्दहरुबाट "पछि" भन्ने शब्द झिकिएको छ।

(५) दफा ४७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) नेपाल सरकार मन्त्रिपरिषद्का सदस्य, गण्डकी प्रदेश प्रमुख तथा गण्डकी प्रदेश सरकारका मन्त्रिपरिषदका सदस्यलाई सभा अध्यक्षले सभाको बैठकलाई विशेष सम्बोधन गर्न अनुरोध गर्न सक्नेछ।"

(६) दफा ५१ को सट्टा देहायको दफा ५१ राखिएको छः-

"५१.**आचार संहिता पालना गर्नु पर्नेः** सभाका पदाधिकारी तथा सदस्यहरुले संविधान तथा कानून बमोजिमको उत्तरदायित्व पूरा गर्ने तथा निजहरुको काम कारबाहीमा सार्वजनिक विश्वास कायम गर्न सभाबाट स्वीकृत आचार संहिताको पालना गर्नु पर्नेछ।"

(७) दफा ५४ को सट्टा देहायको दफा ५४ राखिएको छः-

"५४. **कार्यविधि बनाउन सक्ने**ः (१) सभा सञ्चालन सम्बन्धी कार्य व्यवस्थित गर्न अध्यक्षले आवश्यकता अनुसार आन्तरिक कार्यविधि बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्यविधिको जानकारी बैठकलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्यविधिको प्रयोग गर्दा प्रक्रियागत बाधा अड्काउ फुकाउने अधिकार अध्यक्षलाई हुनेछ।

६. **कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ मा संशोधनः** कर तथा गैरकर सम्बन्धी ऐन, २०७५ को दफा १ को उपदफा (१) मा रहेका "कर तथा गैरकर सम्बन्धी ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश कर तथा गैरकर सम्बन्धी ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

७. **प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ मा संशोधनः** प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ को दफा १ को उपदफा (१) मा रहेका "प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

८. **प्रदेश आकस्मिक कोष ऐन, २०७५ मा संशोधनः** (१) प्रदेश आकस्मिक कोष ऐन, २०७५ को दफा १ को उपदफा (१) मा रहेका "प्रदेश आकस्मिक कोष ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश आकस्मिक कोष ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ (ग) को सट्टामा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको "आर्थिक मामिला हेर्ने मन्त्रालय" सम्झनुपर्छ।"

९. **स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ मा संशोधनः** स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ कोः-

(क) खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(ख) खण्ड (ट) पछि देहायको खण्ड (ठ) थपिएको छः-

"(ठ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ।"

१०. **खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५ मा संशोधनः** खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी खोप सेवा (सञ्चालन तथा व्यवस्थापन) ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ।"

(ख) खण्ड (ठ) मा रहेका "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सरकारको स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"**१५. समितिः** (१) खोप कार्यक्रम सम्बन्धी नीति निर्माण गर्न मन्त्रालयलाई सुझाव दिने काम समेतको लागि एक प्रदेश खोप समिति रहनेछ।

(२) समितिको गठन देहाय बमोजिमको हुनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ग) | सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | -सदस्य |
| (घ) | बालरोग विषेशज्ञ, जनस्वास्थ्य विशेषज्ञ वा महामारी विज्ञहरुबाट एकजना महिला सहित मन्त्रालयबाट मनोनीत तीनजना | -सदस्य |
| (ङ) | प्रमुख, खोप महाशाखा, मन्त्रालय | -सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्यहरुको पदावधि चार वर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै मनोनीत सदस्यले पदीय जिम्मेवारी पुरा नगरेमा मन्त्रालयले जुनसुकै बखत सदस्यबाट हटाउन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम कुनै सदस्यलाई पदबाट हटाउनु अघि सफाई पेस गर्ने मौका दिनुपर्नेछ ।

(४) दफा १८ को उपदफा (२) को खण्ड (ख) र (छ) मा रहेका "सामाजिक विकास" भन्ने शब्दहरु झिकिएका छन् ।

(५) दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"१९. **निर्देशन दिन सक्नेः** प्रदेश खोप प्राविधिक समितिको राय, सल्लाह वा प्रतिवेदन तुरुन्त कार्यान्वयन गर्नु पर्ने देखिएमा र समितिको बैठक तत्काल बस्न नसक्ने भएमा समितिको अध्यक्षले लगत्तै बस्ने समितिको बैठकबाट अनुमोदन गराउने गरी त्यस्तो राय, सल्लाह वा प्रतिवेदन कार्यान्वयन गर्न स्वास्थ्य सेवा महाशाखालाई निर्देशन दिन सक्नेछ।"

(६) दफा २० को,-

(क) उपदफा (२) को खण्ड (ग) मा रहेका "कुनै व्यक्ति, वित्तीय" शब्दहरु पछि "संस्था" भन्ने शब्द थपिएको छ।

(ख) उपदफा (३) मा रहेका "रकम प्राप्त गर्नु अघि" भन्ने शब्दहरुको पछि "प्रदेश सरकार मार्फत" भन्ने शब्दहरु थपिएका छन्।

(७) दफा २९ मा रहेका "उच्च अदालतमा" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित जिल्ला अदालतमा" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ३५ मा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "अर्थ सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(९) दफा ४० को सट्टा देहायको दफा ४० राखिएको छः-

"४०. **<u>नियम बनाउने अधिकार</u>**ः यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।"

(१०) दफा ४१ को सट्टा देहायको दफा ४१ राखिएको छः-

"४१. **<u>निर्देशिका बनाउन सक्ने</u>**: समितिले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ।

११. **<u>प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ को,-

(१) प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५ को दफा १ को उपदफा (१) मा रहेका "प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश दुग्ध विकास बोर्ड ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को खण्ड (च) को सट्टामा देहायको खण्ड (च) राखिएको छः-

"(च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(३) दफा ७ को खण्ड (क) को सट्टामा देहायको खण्ड राखिएको छः-

" (क) माननीय मन्त्री, कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय - अध्यक्ष"

१२. **<u>मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ मा संशोधनः</u>** मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेशको मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका शर्त सम्बन्धी ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (क) पछि देहायको खण्ड (क१) र (क२) थपिएका छन्:-

"(क१) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।"

"(क२) "प्रदेश प्रमुख" भन्नाले नेपालको संविधानको धारा १६३ बमोजिमको गण्डकी प्रदेश प्रमुख सम्झनु पर्छ।"

(ख) खण्ड (ग) मा रहेका "बमोजिम नियुक्त" भन्ने शब्दहरुको पछि "गण्डकी प्रदेश सरकारको" भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा १४ को सट्टा देहायको दफा १४ राखिएको छ:-

"१४. **<u>शपथः</u>** मुख्य न्यायाधिवक्ताले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि प्रदेश प्रमुखको उपस्थितिमा उच्च अदालत, पोखराको मुख्य न्यायाधीश समक्ष अनुसूची बमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।"

१३. **<u>प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ मा संशोधनः</u>** प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को सट्टा देहायको दफा २ राखिएको छ:-

"२. **नियम, कार्यविधि, निर्देशिका बनाउने प्रदेश सरकारको अधिकारः**
(१) गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट र वार्षिक कार्यक्रम कार्यान्वयन गर्न एवं सबै प्रशासकीय विषय तत्काल नियमित गर्नको निम्ति प्रदेश सरकारले आवश्यक नियम, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनाइएका नियम, कार्यविधि, निर्देशिका कानून सरह लागू हुनेछन्।"

(३) दफा ३ मा रहेका "हुनु अघि" भन्ने शब्दहरुको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

१४. **सहकारी ऐन, २०७५ मा संशोधनः** सहकारी ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "सहकारी ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सहकारी ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-
"(ङ१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।"

(३) दफा १० को उपदफा (१) मा रहेको "एक" भन्ने शब्द झिकिएको छ।

(४) दफा ४८ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) उपदफा (१) बमोजिमको सन्दर्भ ब्याजदर तोक्ने सम्बन्धमा देहाय बमोजिमको समितिको सिफारिस लिनु पर्नेछः-

| | | |
|---|---|---|
| (क) | दर्ता अधिकारी | -संयोजक |
| (ख) | प्रतिनिधि, मन्त्रालय | -सदस्य |
| (ग) | प्रतिनिधि, अर्थ मन्त्रालय | -सदस्य |
| (घ) | प्रतिनिधि, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (ङ) | प्रतिनिधि, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति सम्बन्धी विषय हेर्ने मन्त्रालय | -सदस्य |
| (च) | प्रतिनिधि, नेपाल राष्ट्र बैंक | - सदस्य |
| (छ) | प्रतिनिधि, प्रदेश सहकारी सङ्घ | -सदस्य |
| (ज) | प्रतिनिधि, प्रदेश सहकारी बैंक | -सदस्य |
| (झ) | प्रतिनिधि, प्रदेश विषयगत सहकारी सङ्घबाट मनोनीत | |

दुई जना -सदस्य

(ञ) सहायक दर्ता अधिकारी -सदस्य सचिव

(५) अनुसूची-२ मा रहेका "भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

१५. **<u>वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ मा संशोधनः</u>** वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश वर, पिपल, शमी र चौतारो संरक्षण ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"**२. <u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले दफा २ को खण्ड (छ) बमोजिमको योजना कार्यान्वयन गर्ने सम्बन्धित संस्था सम्झनु पर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ ।

(ग) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको वन, वातावरण तथा जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले दफा ९ बमोजिम गठित वर, पिपल, शमी र चौतारो संरक्षण समिति सम्झनु पर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले दफा २ को खण्ड (छ) बमोजिमको योजना सञ्चालनमा रहेका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।"

(च) "वर, पिपल, शमी र चौतारो" भन्नाले सार्वजनिक वा निजी वा जुनसुकै जग्गामा रोपिएको वा हुर्केको प्राकृतिक वा साँस्कृतिक महत्व भएका वर, पिपल, शमी, लाकुरी, कदम, आँप, नारेश्वर, धुपी आदि जस्ता रुख संरक्षण, संवर्द्धन गर्दै सुस्ताउने, आराम गर्ने, गाउँ वा टोलको भेला गर्ने उद्देश्यले बनाइएको चौतारो सम्झनु पर्छ र सो शब्दले वर, पिपल, शमी र चौतारो सँगै भएको कुवा, कुण्ड, पोखरी वा यस्तै अन्य प्राकृतिक वा

साँस्कृतिक वा ऐतिहासिक महत्व भएको स्थल समेतलाई जनाउँछ ।

(छ) "योजना" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सरकारको प्राथमिकता प्राप्त योजनाको रुपमा स्वीकृत भएको सरकारी योजना वा निश्चित समयावधि पछि सरकारलाई हस्तान्तरण हुने गरी निजी क्षेत्रबाट वा सार्वजनिक-निजी साझेदारीमा निर्माण भएको पूर्वाधार सम्बन्धी योजना वा सार्वजनिक उपयोगको वस्तु वा सेवा सम्बन्धी सडक, खानेपानी, विद्युत, खनिज जस्ता पूर्वाधार सम्बन्धी योजना वा राष्ट्रिय वा प्रादेशिक गौरवका योजनाको रुपमा तोकेको योजना सम्झनु पर्छ र सो शब्दले कानूनी रुपमा स्थापना भई सञ्चालनमा रहेका अन्य सामाजिक सङ्घ संस्थाले सञ्चालन गर्ने योजना समेतलाई जनाउँछ।"

(३) दफा ३ को उपदफा (१) मा रहेका "स्थानीय सरकार" भन्ने शब्दहरुको सट्टा "स्थानीय तह" भन्ने शब्दहरु राखिएका छन् ।

(४) दफा ४ को उपदफा (४) मा रहेका "अनुसूची -१" भन्ने शब्दहरुको सट्टा "अनुसूची" भन्ने शब्द राखिएको छ।

(५) दफा ६ को उपदफा (१) मा रहेका "योजनासँग सम्बन्धित प्रस्तावक वा" भन्ने शब्दहरु झिकिएका छन्।

(६) दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. **विकल्प नभए मात्र हटाउन सकिने:** (१) यस ऐन बमोजिम दर्ता भएका वर, पिपल, शमी र चौतारो काट्नु, मास्नु वा हटाउनु परेमा देहाय बमोजिमको अध्ययन तथा सिफारिस समितिको सिफारिसको आधारमा स्थानीय तहले स्वीकृति दिनेछः-

(क) स्थानीय तहको प्रमुख वा अध्यक्ष वा उपप्रमुख वा उपाध्यक्ष -संयोजक

(ख) डिभिजनल वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ग) स्थानीय तहको सम्बन्धित वडाको वडा अध्यक्ष - सदस्य

(घ) सम्बन्धित आयोजनाको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

(२) अध्ययन तथा सिफारिस समितिले स्थलगत निरीक्षण वा अध्ययन गरी प्रस्तावित योजनामा कुनै कुरा परिमार्जन गर्नु पर्ने भएमा सो व्यहोरा खुलाई आयोजनालाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम लेखी आएको विषय आयोजनाले परिमार्जन गर्नु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त र राष्ट्रिय तथा प्रदेश गौरवका आयोजनामा सम्भाव्यता अध्ययन वा ड्रइङ्ग डिजाइन परिवर्तन गर्ने गरी अध्ययन तथा सिफारिस गरिने छैन ।

(५) अध्ययन तथा सिफारिस समितिबाट सिफारिस भई आएमा स्थानीय तहले योजनाको कार्यान्वयन गर्न वर, पिपल, शमी र चौतारो काट्न, मास्न वा हटाउन स्वीकृति दिनुपर्नेछ र सो को जानकारी मन्त्रालयलाई दिनुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम स्वीकृति पाएपछि आयोजनाले उक्त वर, पिपल, शमी र चौतारो आफ्नै लागत खर्चमा हटाई वर, पिपल, शमी र चौतारोका बोटहरूको कटान, मुछान र घाटगद्दी गरी सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ।

(७) योजना कार्यान्वयन गर्दा वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा आयोजनाले स्थानीय तहले तोकेको स्थानमा वर, पिपल, शमी र चौतारो बनाई सम्बन्धित स्थानीय तहलाई हस्तान्तरण गर्नु पर्नेछ।

(८) मुनाफा कमाउने उद्देश्यले कार्यान्वयन हुने योजनाको लागि वर, पिपल, शमी र चौतारो हटाउनु पर्ने भएमा सोको पाँच गुणाको दरले नयाँ वर, पिपल, शमी लगाई पाँच वर्ष संरक्षण गरी हस्तान्तरण गर्नु पर्नेछ।

(९) स्थानीय तहले आयोजनासँग वर, पिपल, शमी र चौतारो हटाउँदा पालना गर्नु पर्ने शर्तहरू समेत उल्लेख गरी सम्झौता गर्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिमको सम्झौताका व्यवस्था आयोजनाले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ।

(११) स्थानीय तहले सम्झौताको पालना भए नभएको सम्बन्धमा अनुगमन गर्ने वा गराउनेछ।

(१२) वर, पिपल, शमी र चौतारो हटाई नयाँ निर्माण गरे, नगरेको विषयमा मन्त्रालयले स्थानीय तहसँग समन्वय गरी अनुगमन गर्न र सुधारका लागि स्थानीय तह मार्फत आयोजनालाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(१३) उपदफा (१२) बमोजिम दिएको निर्देशन पालना गराउनु स्थानीय तहको दायित्व र आयोजनाको कर्तव्य हुनेछ ।

(१४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय तथा प्रदेश प्राथमिकता प्राप्त पूर्वाधार निर्माणका आयोजना कार्यान्वयन गर्न वर, पिपल, शमी र चौतारो हटाउन पर्ने भएमा स्थानीय तहलाई जानकारी दिई आयोजनाले आफ्नै खर्चमा हटाउन सक्नेछ।"

(७) दफा ९ को उपदफा (४) को,-

(क) खण्ड (क) मा रहेका "मास्न, नास्न वा बिगार्न नपाइने" भन्ने शब्दहरुको सट्टा "मास्न,नास्न वा बिगार्न नदिइ संरक्षणको उचित व्यवस्था मिलाउने" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) खण्ड (ख) झिकिएको छ ।

(ग) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) वर, पिपल, शमी र चौतारोका रुखहरु बूढो वा पूरानो भएर जोखिमपूर्ण भएमा हाँगा काट्ने, मिलाउने वा सो रुखलाई हटाई नयाँ सोही प्रजातीको विरुवा रोप्ने व्यवस्था मिलाउने,"

(८) दफा १० को उपदफा (४) पछि देहायका उपदफा (५) र उपदफा (६) थपिएका छन्ः-

"(५) कोषको सञ्चालन स्थानीय तहले प्रचलित कानून बमोजिम गर्नु पर्नेछ ।

(६) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।"

(९) दफा १३ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (३) बमोजिमको सुझावहरू कार्यान्वयन गर्नु स्थानीय तहको कर्तव्य हुनेछ।"

(१०) अनुसूची-१ मा रहेका "अनुसूची-१" भन्ने शब्दहरुको सट्टा "अनुसूची" भन्ने शब्द राखिएको छ।

१६. **<u>ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ मा संशोधनः</u>** ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५ को,-

(१) दफा १ उपदफा (१) मा रहेका "ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश ताल संरक्षण तथा विकास प्राधिकरण ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।"

(३) दफा ६ को उपदफा (१) को खण्ड (च) मा रहेका "भौगोलिक सूचना प्रणाली (जिओग्राफिकल इन्फरमेशन सिस्टम) मा वातावरणीय योजना र" भन्ने शब्दहरूबाट "वातावरणीय योजना र" भन्ने शब्दहरु झिकिएका छन्।

(४) दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कार्यकारी समितिको गठन देहाय बमोजिम हुनेछः-

(क) मन्त्री, वन, वातावरण तथा जलाधार सम्बन्धी विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) गण्डकी प्रदेश भित्र रहेका स्थानीय तहका प्रमुखहरु मध्येबाट प्रदेश सरकारले मनोनीत गरेको एक जना - उपाध्यक्ष

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(घ) सचिव, ताल संरक्षण सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(च) सचिव, जलस्रोत सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ज) महाशाखा प्रमुख वा प्रतिनिधि, वन तथा वातावरण मन्त्रालयको सम्बन्धित महाशाखा -सदस्य

(झ) ताल क्षेत्रमा आश्रित भई जीविकोपार्जन गर्ने समुदाय वा सरोवाकारवाला सङ्घ संस्थाका प्रतिनिधि कम्तीमा एक जना महिला सहित दुई जना प्रदेश सरकारबाट मनोनीत -सदस्य

(ट) वन-वातावरण, भू तथा जलाधार र पर्यटनका विषय विज्ञ कम्तीमा एक महिला सहित तीन जना प्रदेश सरकारबाट मनोनीत - सदस्य

(५) दफा १४ को,-

(क) उपदफा (७) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) निजले आफ्नो पदबाट प्रदेश सरकार समक्ष राजीनामा दिएमा,"

(ख) उपदफा (७) पछि देहायको उपदफा (७क) थपिएको छः-

"(७क) उपदफा (७) बमोजिम कार्यकारी प्रमुखको पद रिक्त भएमा मन्त्रालयले विषयगत महाशाखा प्रमुख वा मातहतको निकाय/कार्यालयको अधिकृतस्तर नवौं वा दशौं तह वा सो सरहको निजामती कर्मचारीलाई कार्यकारी प्रमुखको रुपमा समेत कामकाज गर्ने गरी तोक्न सक्नेछ।"

(६) दफा १५ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठकमा पेस गरिने प्रस्तावहरुको सूची तयार गर्ने,

(ख) प्राधिकरणमा प्राप्त भएका प्रस्तावहरुको सूची तयार गरी मूल्याङ्कन सहित समिति समक्ष पेस गर्ने,

(ग) समितिबाट भएका निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने,

(घ) समिति तथा कार्यालयको वार्षिक बजेट र कार्यक्रम तयार गर्ने र स्वीकृतिका लागि समिति समक्ष पेस गर्ने,

(ङ) समितिबाट कार्यान्वयनका लागि स्वीकृत परियोजनाहरुको कार्यान्वयनको अनुगमन, समीक्षा, मूल्याङ्कन गर्ने वा गराउने,

(७) दफा १६ को सट्टा देहायको दफा १६ राखिएको छः-

"१६.**<u>प्राधिकरणको संगठन संरचना र कर्मचारीः</u>** (१) प्राधिकरणको कार्यसञ्चालनको लागि आवश्यक संगठन संरचना प्रदेश सरकारले स्वीकृत गर्नेछ।

(२) प्राधिकरणको कार्यसञ्चालनको निमित्त आवश्यक कर्मचारी प्रदेश सरकारले व्यवस्था गर्नेछ।"

(८) दफा २२ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियमहरू बनाउन सक्नेछ ।"

१७. **<u>प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ मा संशोधनः</u>** प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"२. **<u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "उद्योग" भन्नाले दफा १५ बमोजिमको उद्योग सम्झनु पर्छ।

(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले मन्त्रालय, मन्त्रालय मातहतको निर्देशनालय वा कार्यालय सम्झनु पर्छ ।

(ग) "एकल विन्दु सेवा केन्द्र" भन्नाले दफा २७ बमोजिमको एकल विन्दु सेवा केन्द्र सम्झनुपर्छ।

(घ) "औद्योगिक प्रवर्धन बोर्ड" भन्नाले दफा २३ बमोजिम गठन भएको बोर्ड सम्झनु पर्छ।

(ङ) "कार्यालय" भन्नाले मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेको कार्यालय सम्झनु पर्छ।

(च) "कारोबार" भन्नाले उद्योगले आफ्नो उद्देश्य बमोजिम वस्तु वा सेवाको उत्पादन तथा वितरण गर्ने कार्य सम्झनु पर्छ र सो शव्दले त्यस्तो उत्पादन तथा वितरणसँग सम्बन्धित अन्य कारोबार समेतलाई जनाउँछ।

(छ) "घरेलु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ख) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(ज) "ठूला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको उद्योग सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ञ) "निर्देशनालय" भन्नाले मन्त्रालय अन्तर्गतको निर्देशनालय सम्झनु पर्छ।

(ट) "निर्यातमूलक उद्योग" भन्नाले आफ्नो उत्पादनको कम्तीमा साठी प्रतिशत निर्यात गर्ने उद्योग सम्झनु पर्छ।

(ठ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ड) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(ढ) "प्रादेशिक उद्योग" भन्नाले यस ऐन बमोजिम प्रदेशभित्र दर्ता भएका उद्योग सम्झनु पर्छ र सो शब्दले संघीय कानून अनुसार प्रदेशको क्षेत्राधिकारभित्र पर्ने अन्य उद्योग समेतलाई जनाउँछ।

(ण) "प्रादेशिक प्राथमिकता प्राप्त उद्योग" भन्नाले दफा १७ बमोजिमको उद्योग सम्झनु पर्छ।

(त) "मझौला उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (घ) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(थ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(द) "रुग्ण उद्योग" भन्नाले आफ्ना व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भ गरेको मितिदेखि न्यूनतम पाँच वर्ष

सञ्चालनमा रही नियतवश वा व्यवस्थापकीय कमजोरीका कारणले नभई काबु बाहिरको परिस्थिति परी लगातार पछिल्ला तीन वर्षसम्म उद्योगको जडित क्षमता भन्दा तीस प्रतिशत वा सोभन्दा कम क्षमतामा सञ्चालन भई सो तीन वर्षको अवधिमा लगातार घाटामा सञ्चालनमा रहेको उद्योगलाई सम्झनु पर्छ।

(ध) "लघु उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (क) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(न) "साना उद्योग" भन्नाले दफा १५ को उपदफा (१) को खण्ड (ग) बमोजिमको उद्योग सम्झनु पर्छ ।

(प) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(फ) "स्थिर पूँजी" भन्नाले दफा १६ बमोजिमको सम्पत्ति सम्झनु पर्छ।

(ब) "संघीय ऐन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ लाई सम्झनु पर्छ।"

(३) दफा ३ को उपदफा (४) पछि देहायका उपदफा (५), (६), (७) र (८) थपिएका छन्ः-

"(५) यो ऐन प्रारम्भ हुनुअघि शाखा उद्योगको रुपमा स्थापना भएका उद्योगले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र यस ऐन बमोजिमको दर्ता प्रक्रिया पूरा गरी छुट्टै उद्योगको रुपमा दर्ता गराउनु पर्नेछ ।

(६) कुनै उद्योगले आफ्नो उत्पादन वा त्यसको कुनै भाग साविकमा उद्योग रहेको स्थानभन्दा फरक स्थानबाट उत्पादन गर्न चाहेमा वा उपदफा (५) बमोजिमको म्यादभित्र छुट्टै उद्योगको रुपमा दर्ता हुन नचाहेमा उद्योगले त्यस्तो शाखा उद्योगलाई इकाइ उद्योगको रुपमा स्थापना गरी सञ्चालन गर्न सक्नेछ।

(७) उपदफा (६) बमोजिम इकाइको स्थापना गर्दा यस ऐन बमोजिम दर्ता बाहेक नयाँ उद्योगको स्थापना गरे सरहको प्रक्रिया पूरा गर्नु पर्नेछ।

(८) उपदफा (६) बमोजिमको इकाइबाट हुने उत्पादन तथा कारोबारको अभिलेख सम्बन्धित इकाइले तयार गरी राख्नु पर्नेछ र त्यस्तो अभिलेख उद्योगको मुख्य कार्यालयमा समेत पठाउनु पर्नेछ।"

(४) दफा ४ को उपदफा (१) पछि देहायका उपदफा (२) र (३) थपिएका छन्:-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका उद्योगहरू प्रदेशमा दर्ता गरिने छैनः-

(क) संघीय ऐनको अनुसूची -१ मा उल्लिखित उद्योग,
(ख) विदेशी लगानीमा स्थापना हुने उद्योग,
(ग) नेपालको संविधानको अनुसूची -५ मा उल्लिखित विषयसँग सम्बन्धित उद्योग,
(घ) दुई वा दुई भन्दा बढी प्रदेशको कार्यक्षेत्र भएको उद्योग,
(ङ) कूटनीतिक मामिला सम्बन्धी शैक्षिक परामर्श सेवाहरूसँग सम्बन्धित उद्योग ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि लघु र घरेलु उद्योगले त्यस्तो उद्योग सञ्चालन भएको मितिबाट छ महिनाभित्र उद्योग दर्ता गर्न निवेदन दिन सक्नेछ।"

(५) दफा ५ पछि देहायको दफा ५क. थपिएको छः-

"**५क. निवेदन अस्वीकृत गर्न सक्नेः** (१) दफा ५ को उपदफा (२) बमोजिम माग गरेको विवरण वा कागजात निवेदकले पेस नगरेमा वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिमको प्रक्रिया पूरा भएको नदेखिएमा वा उद्योग दर्ता गर्न नमिल्ने भएमा उद्योग दर्ता गर्ने निकायले आधार र कारण खुलाई उद्योग दर्ताको निवेदन अस्वीकृत गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अस्वीकृत गर्ने निर्णय भएकोमा निर्णय भएको मितिले सात दिन भित्र आधार र कारण खुलाई सोको लिखित जानकारी सम्बन्धित निवेदकलाई दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको जानकारी निवेदकले प्राप्त गरेपछि मन्त्रालय बाहेकका निकायबाट जानकारी पाएको भए मन्त्रालयमा र मन्त्रालयबाट जानकारी पाएको भए प्रदेश सरकार समक्ष जानकारी पाएको मितिले तीस दिन भित्र पुनरावेदन गर्न सक्नेछ र पुनरावेदन सुन्ने निकायले दुई महिना भित्र आवश्यक निर्णय गर्नेछ।

(४) उपदफा (३) बमोजिमको पुनरावेदन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।"

(६) दफा १० को सट्टा देहायको दफा १० राखिएको छः-

"**१०.उद्योग स्थानान्तरणको लागि स्वीकृति लिनुपर्नेः** (१) कुनै एक ठाउँमा सञ्चालन गर्ने गरी दर्ता भएको उद्योग कुनै कारणले अन्यत्र स्थानान्तरण गर्नु पर्ने भएमा सो को कारण खुलाई उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

तर एक प्रदेशबाट अर्को प्रदेशमा स्थानान्तरण गर्नु पर्ने भएमा संघीय ऐन बमोजिम स्वीकृति लिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले स्थानान्तरण भई जाने सम्बन्धित स्थानीय तहको सिफारिसमा उद्योग स्थानान्तरणको स्वीकृति दिन सक्नेछ ।

(३) उद्योग स्थानान्तरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(७) दफा १० पछि देहायको दफा १०क. थपिएको छः-

"**१०क. उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनुपर्नेः** (१) कुनै उद्योगले आफ्नो विद्यमान पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिव देखिएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पूँजी वृद्धि गर्न, क्षमता वृद्धि गर्न, उद्देश्यमा थप, परिवर्तन वा हेरफेर गर्न नव्बे दिन

भित्र स्वीकृति दिनु पर्नेछ ।त्यसरी पूँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सो को अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ।

(३) यस दफाको प्रयोजनका लागि कुनै उद्योगले साविकमा जडित यन्त्र उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादन भन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उद्योगको पूँजी वृद्धि, क्षमता वृद्धि, उद्देश्य थप, उद्देश्य परिवर्तन, उद्योगको ठाउँसारी वा स्थानान्तरण गर्नु पर्दा प्रचलित कानून बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भएमा सो समेत गर्नु पर्नेछ ।"

(८) दफा १३ को सट्टा देहायको दफा १३ राखिएको छः-

"**१३. <u>उद्योगको दर्ता खारेज गर्न निवेदन दिन सकिने</u>:** (१) कुनै कारणले उद्योग सञ्चालन गर्न नसकिने भएमा त्यस्तो उद्योगको दर्ता खारेजीको लागि उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिए बमोजिमको विवरण वा कागजात सहित तोकिएको ढाँचामा निवेदन दिनुपर्नेछ।

तर प्रचलित कानून बमोजिम दामासाहीमा परेको अवस्थामा सोही कानून बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले सम्बन्धित उद्योगले आफूले बुझाउनु पर्ने कर लगायतको सरकारी दायित्व तथा अन्य दायित्व फरफारक गरेको देखिएमा तोकिए बमोजिमको प्रक्रिया पूरा गरी उद्योग दर्ता खारेज गरिदिनु पर्नेछ । त्यसरी गरिएको दर्ता खारेजीको जानकारी सम्बन्धित निवेदक र सबै सरोकारवाला सरकारी निकायलाई दिनुपर्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम दामासाहीको प्रक्रियामा गएको

कम्पनी अन्तर्गतको उद्योगहरुको हकमा सोही बमोजिम हुनेछ र त्यसरी उद्योग खारेज भएकोमा सोको जानकारी लिक्वीडेटरले सम्बन्धित उद्योग दर्ता गर्ने निकायलाई उपलब्ध गराउनु पर्नेछ।"

(९) दफा १५ को,-

(क) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१) मा रहेका "पाँच लाख रुपैयाँसम्मको" भन्ने शब्दहरुको सट्टा "बीस लाख रुपैयाँसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (१) को खण्ड (ख) को उपखण्ड (३) मा रहेका "दश किलोवाटसम्मको" भन्ने शब्दहरुको सट्टा "पचास किलोवाटसम्मको" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (१) को खण्ड (ग) मा रहेका "दश करोड रुपैयाँसम्मको" भन्ने शब्दहरुको सट्टा "पन्ध्र करोड रुपैयाँसम्मको" भन्ने शब्द राखिएको छ ।

(घ) उपदफा (१) को खण्ड (घ) मा रहेका "दश करोड रुपैयाँभन्दा बढी पच्चीस करोड रुपैयाँसम्म" भन्ने शब्दहरुको सट्टा "पन्ध्र करोड रुपैयाँभन्दा बढी पचास करोड रुपैयाँसम्म" भन्ने शब्दहरू राखिएका छन् ।

(ङ) उपदफा (१) को खण्ड (ङ) मा रहेका "पच्चीस करोड रुपैयाँभन्दा" भन्ने शब्दहरुको सट्टा "पचास करोड रुपैयाँभन्दा" भन्ने शब्दहरु राखिएका छन् ।

(च) उपदफा (३) को खण्ड (ङ) मा रहेको "निर्माण उद्योग" भन्ने शब्दहरुको सट्टा "पूर्वाधार उद्योग" भन्ने शब्दहरु राखिएका छन्।

(छ) उपदफा (३) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योगः सूचना सङ्कलन, प्रशोधन र प्रसारणका लागि प्रविधि प्रयोग गरी सूचना, सञ्चार वा सूचना प्रसारण प्रविधिको सेवा उपलब्ध गराउने अनुसूची -५ मा उल्लिखित उद्योगहरू।"

(ज) उपदफा (६) पछि देहायको उपदफा (७) थप गरिएको छः-

"(७) प्रचलित कानून बमोजिम दर्ता भई सञ्चालनमा रहेका तोकिए बमोजिमका सहकारी संस्थाले सो संस्थाको स्वामित्व रहने गरी उद्योग दर्ता गर्न चाहेमा यस ऐन बमोजिम उद्योग दर्ता गर्न सकिनेछ।"

(१०) परिच्छेद -५ को ठाउँ ठाउँमा रहेका "समिति" भन्ने शब्दहरुको सट्टा "बोर्ड" भन्ने शब्दहरु राखिएका छन् ।

(११) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३. **<u>औद्योगिक प्रवर्द्धन बोर्डको गठनः</u>** (१) उद्योगको स्थापना, लगानी अभिवृद्धि, प्रवर्द्धन, संरक्षण र विस्तार गरी औद्योगिकीकरणलाई तीव्रता दिने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्न देहाय बमोजिमको एक औद्योगिक प्रवर्द्धन बोर्ड रहने छः-

(क) मन्त्री, उद्योग व्यवसाय सम्बन्धी विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ग) सदस्य, प्रदेश नीति तथा योजना आयोग, गण्डकी प्रदेश (उद्योग हेर्ने) - सदस्य

(घ) सचिव, आर्थिक मामिला सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(ङ) सचिव, सहकारी सम्बन्धी विषय हेर्ने मन्त्रालय - सदस्य

(च) सचिव, मन्त्रालय - सदस्य

(छ) प्रमुख, नेपाल राष्ट्र बैंकको प्रदेशस्तरको कार्यालय - सदस्य

(ज) उद्योग क्षेत्रका विज्ञहरू मध्येबाट कम्तीमा एक जना महिला उद्यमी सहित प्रदेश सरकारबाट मनोनीत दुई जना - सदस्य

(झ) महाशाखा प्रमुख, औद्योगिक व्यवसाय हेर्ने महाशाखा, मन्त्रालय - सदस्य सचिव

(२) बोर्डले आवश्यक देखेमा विषयसँग सम्बन्धित विशेषज्ञ वा अन्य व्यक्तिलाई बोर्डको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) बोर्डको सचिवालय मन्त्रालयमा रहनेछ।

(४) बोर्डको बैठक सम्बन्धी कार्यविधि बोर्ड आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) बोर्डले गरेका निर्णयहरू तथा सम्पादन गरेका कामहरूको विवरण सहितको अभिलेख सचिवालयले अद्यावधिक गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको कामहरूको विवरण मासिक रुपमा सचिवालयले बोर्डको अध्यक्ष समक्ष पेस गर्नु पर्नेछ ।

(१२) दफा २९ मा रहेका "उच्च अदालत" भन्ने शब्दहरुको सट्टा "जिल्ला अदालत" भन्ने शब्दहरु राखिएका छन् ।

(१३) अनुसूची-३ मा रहेको अनुसूची शीर्षकको सट्टा देहायको अनुसूची शीर्षक राखिएको छः-

**"पूर्वाधार उद्योग"**

(१४) अनुसूची-५ मा रहेको अनुसूची शीर्षकको सट्टा देहायको अनुसूची शीर्षक राखिएको छः-

**"सूचना प्रविधि, सञ्चार प्रविधि तथा सूचना प्रसारण प्रविधिमा आधारित उद्योग"**

१८. **गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ मा संशोधनः** गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०७५ को,-

(१) दफा २ को,-

(क) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राखिएको छः-

"(ज) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

(ख) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।"

(२) दफा ७ को,-

(क) उपदफा (१) को खण्ड (ज) झिकिएको छ।

(ख) उपदफा (५) पछि देहायको उपदफा (६) थपिएको छः-

"(६) प्रतिष्ठानको कार्यकारी निर्देशकले परिषद्को सचिव भै काम गर्नेछ।"

(३) दफा ९ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) प्रतिष्ठानको उद्देश्य एवं नीति अनुरुप प्रशिक्षण एवं अनुसन्धान कार्यक्रमलाई सुव्यवस्थित रुपले सञ्चालन गर्न गराउन देहाय बमोजिमका सदस्यहरु भएको कार्यकारी समिति रहनेछः-

(क) प्रमुख सचिव -अध्यक्ष

(ख) सचिव, प्रशासन तथा बैठक महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(ग) सचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(घ) सचिव, आर्थिक मामिला हेर्ने मन्त्रालय -सदस्य

(ङ) सचिव, प्रदेश लोक सेवा आयोग -सदस्य

(च) सचिव, प्रदेश नीति तथा योजना आयोग -सदस्य

(छ) कार्यकारी निर्देशक -सदस्य सचिव

(४) दफा २३ को सट्टा देहायको दफा २३ राखिएको छः-

"२३.**<u>अधिकार प्रत्यायोजन</u>**: समितिले यो ऐन बमोजिम आफूले पाएको अधिकारमध्ये सबै वा केही अधिकार प्रतिष्ठानको कार्यकारी निर्देशक वा प्रतिष्ठानको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ। कार्यकारी निर्देशकले यस ऐन बमोजिम आफूले पाएको अधिकार मध्ये सबै वा केही अधिकार प्रतिष्ठानको उप-कार्यकारी निर्देशक वा प्रतिष्ठानको अन्य कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१९. **<u>सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६ मा संशोधनः</u>** सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "सूर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सुर्तीजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०७६" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (छ) पछि देहायको खण्ड (छ१) थपिएको छः-

"(छ१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनुपर्छ।"

(ख) खण्ड (ज) मा रहेका "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "स्वास्थ्य सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन् ।

(३) दफा ११ को उपदफा (७) मा रहेका "अनुसूची -१" भन्ने शब्दहरुको सट्टा "अनुसूची" भन्ने शब्द राखिएको छ।

(४) दफा १२ को उपदफा (१) मा रहेका "प्रदेश सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

(५) दफा १७ को उपदफा (१) मा रहेको "निरीक्षकले" भन्ने शब्दको सट्टा "व्यवस्थापकले" भन्ने शब्द राखिएको छ।

(६) दफा १९ को सट्टा देहायको दफा १९ राखिएको छः-

"**१९. समितिको गठनः** (१) सुर्तीजन्य पदार्थको नियन्त्रण तथा नियमन सम्बन्धमा नीति निर्धारण गर्ने काम समेतको लागि देहायको सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमन समिति गठन हुनेछः-

(क) सचिव, मन्त्रालय -अध्यक्ष

(ख) उपसचिव, कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय -सदस्य

(ग) क्यान्सर, फोक्सो वा मुटु सम्बन्धी रोगको रोकथाम वा उपचारमा संलग्न सरकारी स्वास्थ्य संस्थाका व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनीत गरेको एकजना -सदस्य

(घ) धूम्रपान तथा सुर्ती सेवनको नियन्त्रण गर्ने उद्देश्यले स्थापित गैरसरकारी संस्था तथा निजी क्षेत्रको स्वास्थ्य संस्थामा काम गरेका व्यक्तिहरुमध्येबाट एकजना महिला सहित मन्त्रालयले मनोनीत गरेको दुईजना -सदस्य

(ङ) स्वास्थ्य महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपदफा (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिम मनोनीत सदस्यलाई तोकिए बमोजिम पदबाट हटाउन सकिनेछ।

(४) समितिको सचिवालयको काम मन्त्रालयको स्वास्थ्य महाशाखाले गर्नेछ।"

(७) दफा २० को खण्ड (ङ) मा रहेका "सम्बन्धमा निरीक्षकलाई" भन्ने शब्दहरुको सट्टा "अनुगमन मूल्याङ्कन गरी" भन्ने शब्दहरु राखिएका छन्।

२०. **<u>प्रदेश लोक सेवा आयोग ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को,-

(१) दफा १ को उपदफा (१) मा रहेको "प्रदेश लोक सेवा आयोग ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश लोक सेवा आयोग ऐन, २०७६" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (ग) मा रहेको "बमोजिम" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

(ख) खण्ड (ग) पछि देहायको खण्ड (ग१) र (ग२) थपिएका छन्:-

"(ग१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।"

"(ग२) प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।"

(ग) खण्ड (ड) को सट्टा देहायको खण्ड (ड) राखिएको छ:-

"(ड) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेशभित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

(३) दफा ७ को,-

(क) उपदफा (१) मा रहेका "एक प्रदेशस्तरीय कार्यालय" भन्ने शब्दहरुबाट "प्रदेशस्तरीय" भन्ने शब्द झिकिएको छ।

(ख) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ:-

"(२) आयोगको कार्यालय पोखरामा रहनेछ।"

(४) दफा ८ को उपदफा (४) मा रहेको "र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।" भन्ने शब्दहरु झिकिएका छन्।

(५) दफा १२ को उपदफा (३) मा रहेको "तोकिए बमोजिम हुनेछ।" भन्ने शब्दहरुको सट्टा "आयोगले निर्धारण गरे बमोजिम हुनेछ।" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा १६ मा रहेका "स्थानीय सरकारी सेवा," भन्ने शब्दहरु पछि "प्रदेश प्रहरी" भन्ने शब्दहरु थपिएका छन्।

(७) दफा १७ को सट्टा देहायको दफा १७ राखिएको छः-

"१७.**समन्वय र सहयोग**ः आयोगले समान उद्देश्यले स्थापना भएका लोक सेवा आयोग र प्रदेश लोक सेवा आयोगहरुसँग समन्वय गर्न वा त्यस्ता संस्थाहरुसँग आपसी सम्बन्ध र सहयोग वृद्धि गर्न सक्नेछ।"

(८) दफा १८ को सट्टा देहायको दफा १८ राखिएको छः-

"१८. **थप सुविधा दिन सक्नेः** (१) आयोगका सदस्य तथा कर्मचारीलाई कार्यालय समयभन्दा बढी समय आयोगको काममा लगाउनु परेमा वा सदस्य तथा कर्मचारी वा अन्य कुनै व्यक्तिलाई आयोगसँग सम्बन्धित कुनै विशेष काममा लगाउनु परेमा थप सुविधाको रुपमा आयोगले निर्धारण गरे बमोजिमको रकम तथा खाजा र खाना खर्च समेत दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सुविधा दिँदा अर्थ मन्त्रालयको स्वीकृति लिई खर्चको मापदण्ड बनाउनु पर्नेछ।"

(९) दफा २० को उपदफा (१) मा रहेका "लोक सेवा आयोगले अपनाएको अभ्यास, विधि तथा मापदण्डका आधारमा तोकिए बमोजिम हुनेछ" भन्ने शब्दहरुको सट्टा "सेवा समूह सञ्चालन गर्ने मन्त्रालयसँग परामर्श गरी लोक सेवा आयोगले निर्धारण गर्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।

(१०) दफा ३२ को उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएको छः-

"(२क) नवौं र दशौं तहको उत्तरपुस्तिका दोहोरो परीक्षण गर्नु पर्नेछ।"

(११) दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः-

"३२क. **परीक्षण विधि निर्धारण गर्नेः** आयोगले सञ्चालन गरेका परीक्षाका उत्तरपुस्तिका परीक्षण गर्ने सम्बन्धमा लोक सेवा आयोगले अपनाएको परीक्षण पद्धति अपनाउनु पर्नेछ।"

(१२) दफा ३४ को ठाउँ ठाउँमा रहेका "प्रदेशस्तरीय" भन्ने शब्द झिकिएका छन्।

(१३) दफा ५० मा रहेको "पैंतालिस दिनभित्र" भन्ने शब्दहरुको सट्टा "साठी दिनभित्र" भन्ने शब्दहरु राखिएका छन्।

(१४) दफा ५७ को सट्टा देहायको दफा ५७ राखिएको छः-

"५७. **नियम बनाउने अधिकारः** यो ऐन कार्यान्वयन गर्न आयोगले आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम प्रदेश राजपत्रमा प्रकाशन गरिनेछ।"

(१५) दफा ५८ को ठाउँ ठाउँमा रहेका "निर्देशिका वा कार्यविधि वा मापदण्ड" भन्ने शब्दहरुको सट्टा "निर्देशिका, कार्यविधि वा मापदण्ड" भन्ने शब्दहरु राखिएका छन्।

२१. **प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ मा संशोधनः** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ को दफा १ को उपदफा (१) मा रहेका "प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६" भन्ने शब्दहरु राखिएका छन्।

२२. **गण्डकी विश्वविद्यालय ऐन, २०७६ मा संशोधनः** गण्डकी विश्वविद्यालय ऐन, २०७६ को,-

(१) दफा ५ को खण्ड (घ) पछि देहायका खण्ड (घ१), (घ२) र (घ३) थपिएका छन्:-

"(घ१) पाठ्यक्रम निर्माण समिति,"

"(घ२) परीक्षा बोर्ड,"

"(घ३) समकक्षता उपाधि समिति,"

(२) दफा ७ को उपदफा (५) मा रहेका "उपकुलपति वा डीनमा नियुक्त हुन योग्यता पुगेको वा" भन्ने शब्दहरु झिकिएका छन्।

(३) दफा १२ को उपदफा (१) को,-

(क) खण्ड (क) मा रहेका "विषयहरुको पाठ्यक्रम निर्धारण गर्ने तथा" भन्ने शब्दहरु झिकिएका छन्।

(ख) खण्ड (छ) झिकिएको छ।

(ग) खण्ड (ड) झिकिएको छ।

(४) दफा १३ पछि देहायको दफा १३क. र १३ख. थपिएका छन्ः

"**१३क. <u>पाठ्यक्रम निर्माण समितिः</u>** (१) विश्वविद्यालय अन्तर्गत अध्ययन, अनुसन्धान र प्रशिक्षण हुने विषयहरुको पाठ्यक्रम निर्माण गर्न तोकिए बमोजिमको पाँच सदस्यीय पाठ्यक्रम निर्माण समिति रहनेछ।

(२) पाठ्यक्रम निर्माण समितिको काम, कर्तव्य, अधिकार र पदावधि तोकिएबमोजिम हुनेछ।

(३) पाठ्यक्रम निर्माण समितिका अध्यक्ष र सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन्।

(४) पाठ्यक्रम निर्माण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ।"

"**१३ख. <u>परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिः</u>** (१) विश्वविद्यालय मातहतका सङ्काय, कलेज, सम्बन्धन प्राप्त सम्पूर्ण शिक्षण संस्थाले लिने परीक्षाको किसिम, ग्रेडिङ प्रणाली र मूल्याङ्कनको आधार तोक्न र विभिन्न तहका शैक्षिक उपाधिहरुको समकक्षता र स्तर निर्धारण गर्न तोकिए बमोजिमको पाँच सदस्यीय परीक्षा बोर्ड र समकक्षता निर्धारण समिति रहनेछ।

(२) परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिको काम, कर्तव्य, अधिकार र पदावधि तोकिए बमोजिम हुनेछ।

(३) परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिका अध्यक्ष र सदस्यले प्रचलित कानून बमोजिम बैठक भत्ता पाउनेछन्।

(४) परीक्षा बोर्ड र समकक्षता निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ।"

(५) दफा ४६ मा रहेका "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

२३. **प्रदेश सुशासन ऐन, २०७६ मा संशोधनः** प्रदेश सुशासन ऐन, २०७६ को,-

(१) दफा १ को उपदफा (१) मा रहेको "प्रदेश सुशासन ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सुशासन ऐन, २०७६" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (घ) पछि देहायको खण्ड (घ१) थपिएको छः-

"(घ१) प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।"

(ख) खण्ड (ङ) मा रहेको "भन्नाले" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

(३) दफा १० को उपदफा (२) को,-

(क) खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः-

"(ट१) उत्कृष्ट एवं प्रशंसनीय कार्य गर्ने आफ्नो मन्त्रालय अन्तर्गतको कर्मचारीलाई निजले गरेको कामको विस्तृत विवरण उल्लेख गरी तोकिएको आधारमा पुरस्कार स्वरुप एक ग्रेड थप दिने।"

२४. **गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन, २०७६ मा संशोधनः** गण्डकी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान ऐन,२०७६ को,-

(१) दफा २ को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।"

(२) दफा ५ को उपदफा (२) को खण्ड (ञ) मा रहेका "गैरआवासीय नागरिक" भन्ने शब्दहरुको सट्टा "गैरआवासीय नेपाली" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ६ को खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) प्रदेश सरकारबाट प्राप्त भएको एकमुष्ट बजेट तथा कार्यक्रम स्वीकृत गर्ने।"

(४) दफा १० को उपदफा (४) झिकिएको छ।

(५) दफा ११ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः-

"(४) मान्यता प्राप्त शैक्षिक संस्थाबाट विज्ञान, व्यवस्थापन, इञ्जिनियरिङ, स्वास्थ्य, कृषि, पर्यटन, शिक्षा वा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर उपाधि प्राप्त गरेको र सम्बन्धित क्षेत्रको व्यवस्थापकीय तहमा कम्तीमा सात वर्षको अनुभव हासिल गरेको व्यक्ति कार्यकारी निर्देशकमा नियुक्त हुन योग्य हुनेछ।"

(६) दफा १५ को उपदफा (५) मा रहेका "सेवा करार/परामर्श सेवा माध्यमबाट लिन सकिनेछ।" भन्ने शब्दहरुको सट्टा "सेवा करारको माध्यमबाट प्रतिस्पर्धा गराई सेवा करार लिन सक्नेछ।" भन्ने शब्दहरु राखिएका छन्।

(७) दफा २१ को सट्टा देहायको दफा २१ राखिएको छः-

"**२१. <u>सम्बन्धन सम्बन्धी व्यवस्थाः</u>** (१) प्रतिष्ठानद्वारा सञ्चालन गरिने शैक्षिक संस्थाहरुलाई प्रदान गरिने सम्बन्धनको सिफारिसका लागि कार्यकारी निर्देशकको संयोजकत्वमा तोकिए बमोजिम एक सम्बन्धन सिफारिस समिति गठन हुनेछ।

(२) सम्बन्धन सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) विषय तथा कार्यक्रम अनुसारका पूर्वाधार निर्देशिका स्वीकृत गरी लागू गर्ने ।

(ख) स्थलगत तथा पूर्वाधार निरीक्षण निर्देशिका स्वीकृत गरी लागू गर्ने ।

(ग) प्रकृया पूरा भएका शैक्षिक संस्थालाई सम्बन्धन स्वीकृतिका लागि प्रतिष्ठानसमक्ष सिफारिस गर्ने।

(घ) प्रतिष्ठानले समय समयमा निर्धारण गरेको शैक्षिक, भौतिक, प्राविधिक, प्रयोगात्मक र प्रशासनिकस्तर कायम गरेका शैक्षिक संस्थाहरुलाई शुरुमा अस्थायी सम्बन्धन दिने र प्रतिष्ठानले तोकेको मापदण्ड पूरा गरेमा स्थायी स्वीकृति प्रदान गर्नका लागि प्रतिष्ठान समक्ष सिफारिस गर्ने।

(ङ) तोकिएबमोजिमका अन्य कार्य गर्ने।"

(३) सम्बन्धन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

(८) दफा २२ को सट्टा देहायको दफा २२ राखिएको छः-

"२२. **<u>सीप प्रमाणीकरण सम्बन्धी व्यवस्थाः</u>** (१) सीपको वर्गीकरण, परीक्षण तथा प्रमाणीकरण सम्बन्धमा आवश्यक काम गर्नको लागि कार्यकारी निर्देशकको अध्यक्षतामा तोकिएबमोजिम एक प्रदेश सीप परीक्षण समिति गठन गरिनेछ।

(२) प्रदेश सीप परीक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः -

(क) सीपको दक्षता वर्गीकरण गर्न, प्रमाणिक बनाउन र परीक्षण तथा प्रमाणीकरण सम्बन्धी कार्य गर्न प्रदेशस्तरमा आवश्यक योजना तथा कार्यक्रम तर्जुमा गरी सो योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रदेशभित्रका विभिन्न व्यवसाय, सेवा वा पेशाको लागि चाहिने सीपको दक्षताको माग र आपूर्तिको सम्बन्धमा आवश्यक अनुसन्धान गर्ने, गराउने,

(ग) सीपको दक्षताको स्तर वर्गीकरण गर्ने र वर्गीकृत सीपस्तर अनुरुप आवश्यक कार्य विश्लेषण (जव स्पेसिफिकेशन) सहित प्रदेश सीप प्रमाणिकको मस्यौदा तर्जुमा गर्ने,

(घ) वर्गीकृत स्तर अनुसार सीपको दक्षता भए नभएको परीक्षण गर्न परीक्षा सञ्चालन गर्ने र सफल परीक्षार्थीलाई प्रमाणपत्र दिने,

(ङ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।"

(३) प्रदेश सीप परीक्षण समिति र सीप प्रमाणीकरण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।"

(९) दफा २८ को सट्टा देहायको दफा २८ राखिएको छः-

"२८. **<u>नियम, कार्यविधि तथा मापदण्ड बनाउने अधिकारः</u>** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियमको अधिनमा रही प्रतिष्ठानले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम कार्यविधि तथा मापदण्ड बनाउँदा प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने मन्त्रालय र अर्थिक मामिला हेर्ने मन्त्रालयको सहमति लिनु पर्नेछ।"

२५. **<u>प्रदेश वातावरण संरक्षण ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश वातावरण संरक्षण ऐन, २०७६ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रदेश वातावरण संरक्षण ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश वातावरण संरक्षण ऐन,२०७६" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को सट्टा देहायको दफा २ राखिएको छः-

"**२. <u>परिभाषाः</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कोष"** भन्नाले दफा ४ बमोजिमको वातावरण संरक्षण कोष सम्झनु पर्छ।

(ख) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ग) "परिषद्" भन्नाले दफा ५ बमोजिमको प्रदेश वातावरण संरक्षण तथा जलवायु परिवर्तन व्यवस्थापन परिषद् सम्झनु पर्छ।

(घ) "प्रदेश" भन्नाले गण्डकी प्रदेश सम्झनु पर्छ।

(ङ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनु पर्छ।

(च) "प्रदूषण" भन्नाले फोहरमैला, रसायन, ताप, ध्वनि, विद्युतीय, विद्युत-चुम्बकीय तरङ्ग वा रेडियोधर्मी विकिरणका कारण वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले परिवर्तन गरी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानि पुऱ्याउने कार्य सम्झनु पर्छ।

(छ) "प्रारम्भिक वातावरणीय परीक्षण" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विश्लेषणात्मक रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ ।

(ज) "प्रस्ताव" भन्नाले विद्यमान वातावरणीय अवस्थामा परिवर्तन ल्याउन सक्ने किसिमको विकास कार्य, भौतिक क्रियाकलाप वा भू-उपयोगको परिवर्तन गर्ने कुनै योजना, आयोजना वा कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा तयार गरिएको प्रस्ताव सम्झनु पर्छ।

(झ) "प्रस्तावक" भन्नाले प्रस्ताव स्वीकृतिको लागि निवेदन दिने वा प्रस्ताव कार्यान्वयन गर्न स्वीकृत प्राप्त व्यक्ति वा सरकारी, अर्धसरकारी वा गैरसरकारी निकाय वा संस्था सम्झनु पर्छ।

(ञ) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको वातावरण सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ट) "राष्ट्रिय सम्पदा" भन्नाले नेपालभित्रका प्राकृतिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक, वैज्ञानिक, आध्यात्मिक, सौन्दर्यपरक वा सामाजिक दृष्टिबाट मानव जातिका लागि महत्वपूर्ण मानिने वातावरणसँग सम्बन्धित कुनै पनि वस्तु, भौतिक संरचना, स्थान, वनस्पति वा जीवजन्तु सम्झनु पर्छ।

(ठ) "वातावरण" भन्नाले प्राकृतिक, साँस्कृतिक र समाजिक प्रणाली, आर्थिक तथा मानवीय क्रियाकलाप, यिनका अवयवहरूको बीचको अन्तरक्रिया तथा अन्तरसम्बन्ध सम्झनु पर्छ।

(ड) "वातावरणीय अध्ययन प्रतिवेदन" भन्नाले संक्षिप्त वातावरणीय अध्ययन, प्रारम्भिक वातावरणीय परीक्षण वा

वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा तयार गरिएको प्रतिवेदन सम्झनु पर्छ।

(ढ) "वातावरणीय प्रभाव मूल्याङ्कन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुको साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्बन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनु पर्छ।

(ण) "सम्बन्धित निकाय" भन्नाले वातावरणीय अध्ययन प्रतिवेदन सम्बन्धमा कारबाही र निर्णय गर्ने दफा ३ बमोजिमको निकाय सम्झनु पर्छ ।

(त) "सम्बन्धित मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको अधिकार क्षेत्रभित्र पर्ने विकास निर्माण सम्बन्धी कार्य वा आयोजना सम्बन्धी प्रस्तावसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(थ) "संक्षिप्त वातावरणीय अध्ययन" भन्नाले कुनै प्रस्तावको कार्यान्वयन गर्दा त्यसबाट वातावरणमा पर्ने प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्नको लागि अवलम्बन गरिने उपायको सम्बन्धमा संक्षिप्त रुपमा गरिने अध्ययन सम्झनु पर्छ ।

(द) "स्थानीय तह" भन्नाले गण्डकी प्रदेश भित्रका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।"

(३) दफा ३ पछि देहायको दफा ३क, ३ख, ३ग र ३घ थपिएका छन्:-

"**३क.** **<u>रणनीतिक वातावरणीय विश्लेषण:</u>** (१) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोकेका नीति, कार्यक्रम वा आयोजना कार्यान्वयन गर्नुअघि त्यस्तो नीति, कार्यक्रम वा आयोजनाको सम्बन्धमा रणनीतिक वातवारणीय विश्लेषण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको रणनीतिक वातावरणीय विश्लेषण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**३ख. <u>पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने</u>:** (१) दफा ३ बमोजिम वातवारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको कुनै आयोजनाको भौतिक पूर्वाधार, डिजाइन वा स्वरुपमा केही परिमार्जन गर्नु परेमा, संरचना स्थानान्तरण वा फेरबदल गर्नु परेमा, वनक्षेत्र थप गर्नु परेमा वा आयोजनाको क्षमता वृद्धि गर्नु परेमा त्यस्तो कार्य गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने वा नपर्ने, त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्न सकिने वा नसकिने सम्बन्धमा यकिन गर्न प्रस्तावकले पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन गर्नको लागि प्रस्तावकले आयोजनाको विभिन्न अवयवमा परिवर्तन गर्न परेको कारण तथा त्यसबाट वातावरणमा पर्न सक्ने प्रतिकूल असरका बारेमा विश्लेषण गरी वातावरणीय परिसूचक बमोजिमको तुलनात्मक तालिका र अन्य आवश्यक पुष्ट्याइँ सहित मन्त्रालय समक्ष निवेदन दिनु पर्नेछ।

तर मन्त्रालयले प्रस्तावकलाई पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन पेस गर्न आदेश दिएकोमा प्रस्तावकले निवेदन दिनु पर्ने छैन ।

(३) उपदफा (२) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा मन्त्रालयले तोकिए बमोजिम पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन अनुमति दिन सक्नेछ।

(४) पूरक वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**३ग. <u>सेवा सुरु भएपछि वातावरणीय परीक्षण गर्ने</u>:** (१) मन्त्रालयले यस ऐन बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने प्रस्तावको कार्यान्वयन सुरु गरी सेवा वा वस्तु उत्पादन वा वितरण सुरु गरेको दुई वर्ष भुक्तान भएको मितिले छ महिनाभित्र त्यस्तो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा परेको प्रतिकूल प्रभाव, त्यस्ता

प्रभावलाई कम गर्न अपनाएको उपाय तथा त्यस्तो उपायको प्रभावकारिता र न्यूनीकरण हुन नसकेको वा आँकलन नै नभएको प्रतिकूल प्रभाव उत्पन्न भएकोमा सो समेतको विश्लेषण गरी वातावरणीय परीक्षण प्रतिवेदन अद्यावधिक रुपमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी मन्त्रालयले आवश्यक अध्ययन गरी वातावरणमा पर्ने प्रतिकूल प्रभावलाई न्यूनीकरण गर्न अपनाइएको उपाय पर्याप्त भएको नदेखेमा त्यस्तो प्रतिकूल प्रभाव निराकरण वा न्यूनीकरण गर्न प्रस्तावकलाई उपयुक्त आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिम मन्त्रालयले दिएको आदेश कार्यान्वयन गर्नु प्रस्तावकको कर्तव्य हुनेछ ।

**३घ. <u>रोक लगाउन सक्नेः</u>** (१) कसैले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत नगराई वा स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदनभन्दा विपरीत हुने गरी आयोजना कार्यान्वयन गरेमा सम्बन्धित निकायले त्यस्तो आयोजना कार्यान्वयन गर्न तत्काल रोक लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्न रोक लगाइएकोमा त्यसरी रोक लगाइएको कारणबाट प्रस्तावकलाई कुनै क्षति पुग्न गएमा प्रस्तावकले सो बापत क्षतिपूर्तिको दाबी गर्न पाउने छैन।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यान्वयनमा प्रतिबन्ध लगाइएको आयोजनाको प्रस्तावकले यस ऐन बमोजिम वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनमा सुधार गरेमा उपदफा (१) बमोजिमको प्रतिबन्ध सम्बन्धित निकायले फुकुवा गर्न सक्नेछ।

(४) दफा ५ को,-

(क) उपदफा (१) मा रहेका प्रदेश स्तरमा" भन्ने शब्दहरुको सट्टा "प्रदेशमा" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (३) मा रहेको "अध्यक्षले" भन्ने शब्दको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

२६. **<u>गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ मा संशोधनः</u>** गण्डकी प्रदेश विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (छ) मा रहेका "विज्ञान तथा प्रविधि क्षेत्र" भन्ने शब्दहरुको सट्टा "विज्ञान तथा प्रविधि विषय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ५ को खण्ड (ग) मा रहेका "वैज्ञानिक संस्कार" भन्ने शब्दहरुको सट्टा "वैज्ञानिक अध्ययन" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ६ को,-

(क) उपदफा (१) को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छः-

"(ञ) शिक्षण संस्थाका शिक्षक, विद्यार्थी, स्वदेशी तथा विदेशी अनुसन्धानकर्तालाई श्रोत, साधन तथा अनुदान प्रदान गर्ने।"

(ख) उपदफा (१) को खण्ड (थ) मा रहेका "नयाँ निकाय" भन्ने शब्दहरुको सट्टा "आवश्यक संस्थागत संरचना बनाउँदा" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (१) को खण्ड (द) पछि देहायको खण्ड (ध) थपिएको छः-

"(ध) विद्यालयको विज्ञान, प्रविधि तथा गणित शिक्षाको क्षेत्रमा सहयोग प्रदान गर्ने।"

(४) दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः-

(क) विज्ञान तथा प्रविधि सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्री - अध्यक्ष

(ख) सदस्य, प्रदेश नीति तथा योजना आयोग (विज्ञान तथा प्रविधि सम्बन्धी विषय हेर्ने) - सदस्य

(ग) सचिव, मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, गण्डकी विश्वविद्यालय (विज्ञान तथा प्रविधि सम्बन्धी विषयबाट) -सदस्य

(ङ) प्रतिनिधि, विज्ञान तथा प्रविधि सम्बन्धी

विषयका विज्ञहरु मध्येबाट कम्तीमा एक जना महिला समेत तीन जना -सदस्य

(च) विज्ञान तथा प्रविधि सम्बन्धी विषयसँग सम्बन्धित उद्योग व्यवसायीहरु मध्येबाट एक जना -सदस्य

(छ) कार्यकारी निर्देशक -सदस्य सचिव"

(५) दफा १२ को उपदफा (४) को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः-

"(क) मान्यता प्राप्त विश्वविद्यालयबाट विज्ञान तथा प्रविधि विषयमा विद्यावारिधि गरी सो सम्बन्धी विषयमा अध्ययन तथा अनुसन्धान कार्यमा कम्तीमा पाँच वर्ष अनुभव भएको, र"

२७. **<u>गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ मा संशोधनः</u>** गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ को,-

(१) दफा १ को उपदफा (१) मा रहेको "गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेशका गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (ङ) पछि देहायको खण्ड (ङ१), (ङ२) र (ङ३) थपिएका छन्ः-

"(ङ१) "गाउँसभा" भन्नाले नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गण्डकी प्रदेशभित्रका गाउँपालिकाको गाउँसभा सम्झनु पर्छ।"

"(ङ२) "जिल्ला समन्वय समिति" भन्नाले नेपालको संविधानको धारा २२० को उपधारा (३) बमोजिमको गण्डकी प्रदेशभित्रका जिल्ला समन्वय समिति सम्झनु पर्छ।"

"(ङ३) "नगरसभा" भन्नाले संविधानको धारा २२३ को उपधारा (१) बमोजिमको गण्डकी प्रदेशभित्रका नगरपालिकाको नगरसभा सम्झनु पर्छ।"

(ख) खण्ड (झ) पछि देहायको खण्ड (झ१) थपिएको छः-

"(झ१) "वडा सदस्य" भन्नाले संविधानको धारा २२२ को उपधारा (४) तथा धारा २२३ को (४) बमोजिमको गण्डकी प्रदेश भित्रको वडा सदस्य सम्झनु पर्छ।"

(३) दफा ७ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) पदाधिकारी तथा सदस्यले अनुगमन सुविधा बापत पाउने खर्चको भुक्तानीको लागि प्रतिवेदन पेस गर्नु पर्नेछ।"

(४) दफा ११ को,-

(क) उपदफा (१) मा रहेका "राजपत्र अनङ्कित प्रथम श्रेणी" भन्ने शब्दहरुको सट्टा "सहायकस्तर पाचौं/अधिकृतस्तर छैटौं तह" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा रहेका "राजपत्र अनङ्कित द्वितीय श्रेणी" भन्ने शब्दहरुको सट्टा "सहायकस्तर चौथो/पाचौं तह" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (३) मा रहेको "राजपत्र अनङ्कित द्वितीय श्रेणी" भन्ने शब्दहरुको सट्टा "सहायकस्तर चौथो/पाचौं तह" भन्ने शब्दहरु राखिएका छन्।

(५) अनुसूचीको शीर्षकमा रहेका "स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा" भन्ने शब्दहरुको सट्टा "गाउँसभा, नगरसभा र जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा" भन्ने शब्दहरु राखिएका छन्।

२८. **प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ मा संशोधनः** प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६ को दफा १ को उपदफा (१) मा रहेका "प्रदेश लोक सेवा आयोगका पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश लोक सेवा आयोगका

पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी ऐन, २०७६" भन्ने शब्दहरु राखिएका छन्।

२९. **<u>प्रदेश सभा सचिवालय ऐन, २०७७ मा संशोधन</u>**ः प्रदेश सभा सचिवालय ऐन, २०७७ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रदेश सभा सचिवालय ऐन, २०७७" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश सभा सचिवालय ऐन, २०७७" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को,-

(क) खण्ड (क) मा रहेको "भन्नाले" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ ।

(ख) खण्ड (ख) मा रहेको "भन्नाले" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ ।

(ग) खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "प्रदेश सभा" भन्नाले नेपालको संविधानको धारा १७५ बमोजिमको गण्डकी प्रदेशको प्रदेश सभा सम्झनु पर्छ।"

(घ) खण्ड (घ) मा रहेका "बमोजिम नियुक्त" भन्ने शब्दहरुको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

(ङ) खण्ड (ङ) मा रहेका "स्थापना भएको" भन्ने शब्दहरुको पछि "गण्डकी" भन्ने शब्दहरु थपिएको छ।

(च) खण्ड (च) मा रहेको "भन्नाले" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

(छ) खण्ड (ज) मा रहेको "भन्नाले" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

(३) दफा १० को खण्ड (ग) मा रहेका "साठी वर्ष" भन्ने शब्दहरुको सट्टा "पैंसट्ठी वर्ष" भन्ने शब्दहरु राखिएका छन्।

३०. **<u>प्रदेश विकास समिति ऐन, २०७७ मा संशोधन</u>**ः प्रदेश विकास समिति ऐन, २०७७ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रदेश विकास समिति ऐन, २०७७" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश विकास समिति ऐन, २०७७" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा २ को खण्ड (ग) मा रहेको "भन्नाले" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

३१. **<u>गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ मा संशोधनः</u>** गण्डकी प्रज्ञा प्रतिष्ठान ऐन, २०७६ को,-

(१) दफा ७ को उपदफा (२) को खण्ड (ग) मा रहेका "सामाजिक विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ८ को उपदफा (१) को खण्ड (क) मा रहेका "सामाजिक विकास मन्त्री" भन्ने शब्दहरुको सट्टा "शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ९ को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः-

"(छ) नेपाल प्रज्ञा प्रतिष्ठान, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान तथा नेपाल सङ्गित तथा नाट्य प्रज्ञा प्रतिष्ठान लगायत विषयगत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्ने,

तर अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनसँग आवश्यक सम्बन्ध र समन्वय कायम गर्न प्रदेश सरकार मार्फत नेपाल सरकारको पूर्व स्वीकृत लिनु पर्नेछ।"

(४) दफा ११ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छः-

"(ग) दफा ७ को उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यमध्येबाट प्रतिष्ठानले मनोनीत गरेका कम्तिमा एक जना महिला सहित चार जना -सदस्य"

(५) दफा १२ को खण्ड (च) झिकिएको छ।

(६) दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छः-

"१५. **<u>संरक्षकः</u>** प्रदेश सरकारको शिक्षा सम्बन्धी विषय हेर्ने मन्त्री प्रज्ञा प्रतिष्ठानको संरक्षक हुनेछ।"

(७) दफा २४ को उपदफा (२) मा रहेका "सिफारिसमा गरिनेछ" भन्ने शब्दहरुको सट्टा "सिफारिसमा प्रतिष्ठानले नियुक्त गर्नेछ" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा ३२ मा रहेका "सामाजिक विकास" भन्ने शब्दहरु झिकिएका छन्।

३२. **<u>गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ मा संशोधनः</u>** गण्डकी प्रदेश प्रहरी ऐन, २०७७ को,-

(१) दफा २ को खण्ड (ग) मा रहेको "भन्नाले" भन्ने शब्दको पछि "गण्डकी" भन्ने शब्द थपिएको छ।

(२) दफा ५ को खण्ड (घ) मा रहेका "आर्थिक मामिला तथा योजना मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "आर्थिक मामिला मन्त्रालय" भन्ने शब्दहरु राखिएका छन्।

३३. **<u>प्रदेश खेलकुद विकास ऐन, २०७७ मा संशोधनः</u>** प्रदेश खेलकुद विकास ऐन, २०७७ को,-

(१) दफा १ को उपदफा (१) मा रहेका "प्रदेश खेलकुद विकास ऐन, २०७७" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश खेलकुद विकास ऐन, २०७७" भन्ने शब्दहरु राखिएका छन्।

(२) दफा ३ को,-

(क) उपदफा (२) को खण्ड (क) तथा खण्ड (च) मा रहेका "क्षेत्र" भन्ने शब्दको सट्टा "सम्बन्धी विषय" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (३) मा रहेका "खेलकुद क्षेत्र हेर्ने" भन्ने शब्दहरुको सट्टा "खेलकुद सम्बन्धी विषय हेर्ने" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा १७ को उपदफा (३) मा रहेका "खेलकुद क्षेत्र हेर्ने" भन्ने शब्दहरुको सट्टा "खेलकुद सम्बन्धी विषय हेर्ने" भन्ने शब्दहरु राखिएका छन्।

(४) दफा २६ झिकिएको छ।

(५) दफा ४४ को सट्टा देहायको दफा ४४ राखिएको छः-

"४४. **नियम, कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउने अधिकारः** (१) यो ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको नियमको अधिनमा रही प्रदेश सरकारले आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।"

३४. **प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ मा संशोधनः** प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७ को दफा १ को उपदफा (१) मा रहेका "प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७" भन्ने शब्दहरुको सट्टा "गण्डकी प्रदेश कृषि व्यवसाय प्रवर्धन ऐन, २०७७" भन्ने शब्दहरु राखिएका छन्।

३५. **गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ मा संशोधन**ः- गण्डकी प्रदेश प्राइभेट फर्म दर्ता ऐन, २०७८ को दफा ५ को उपदफा (१) मा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः-

"तर यो ऐन प्रारम्भ हुनु अघि दर्ता भई दुई वर्ष भन्दा बढी नवीकरण गर्नुपर्ने म्याद कायम रहेका प्राइभेट फर्मको हकमा एक पटकको लागि प्रमाण पत्रमा म्याद कायम रहेको मितिसम्मलाई नविकरण गर्नु पर्ने छैन ।"

प्रमाणीकरण मितिः २०७९।११।१६

आज्ञाले,
बद्रिनाथ अधिकारी
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय।मूल्य रु.५०।-